# महान्यायाधिवक्ताको कार्यालय, नेपाल

**रामशाहपथ, काठमाण्डौ**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/१२/०२**

यस कार्यालयको लागि आवश्यक भएको तपसिल बमोजिमका विद्युतिय उपकरण, सामाग्री र सेवाहरु बोलपत्रको माध्यम बाट खरिद गर्नु पर्ने भएकोले e-bidding/e-submission समेतको लागि यो सूचना प्रकाशित गरिएको छ। देहाय अनुसार इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरुबाट **साधारण बोलपत्र वा e-bidding/e-submission** बाट समेत पेश गर्न सकिने छ।

१. e-bidding/e-submission सट्टा साधारण बोलपत्रको माध्यमबाट भाग लिन चाहने बोलपत्रदाताहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र मिति २०७५।०१।०१ सम्म तोकिए बमोजिमको शुल्क तिरि नगदी रसिद साथ कारोबार दर्ता, मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व.२०७३।७४ को कर चुक्ता प्रमाणपत्र वा सो अवधिको आय बिबरण पेश गरेको प्रमाणित कागजातको प्रतिलिपि समेत राखी निवेदन पेश गरेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाण्डौबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ। बोलपत्र फारामहरु ३० दिन भित्र खरिद गरि, सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन मिति २०७५।०१।०२ गते १२ बजे सम्म दर्ता गरिसक्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्रहरु सोहि दिन दिनको २ बजे यस कार्यालयमा प्रतिनिधि समेतको रोहबरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. e-bidding /e-submission मा भाग लिने बोलपत्र दाताहरुको लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo बाट विद्युतिय उपकरण, सामाग्री र सेवा खरिद सम्बन्धी e-bidding /e-submission को कार्य गरिने छ। उक्त web मा Logon गरि प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताले विद्युतिय उपकरण, सामाग्री र सेवा खरिद सम्बन्धी बोलपत्रमा भाग लिन सक्ने छन्।

३. कारणवस बोलपत्र बिक्रि, दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि कार्यालय खुलेको दिनमा क्रमश: सोही समयमा बोलपत्र बिक्रि तथा दर्ता वा e-bidding /e-submission समेत कार्य गरिनेछ।

४. e-bidding /e-submission मा भाग लिने बोलपत्र दाताले को.ले.नि.का. समन्वय कार्यालय बबरमहलको ने.रा.बैंक थापाथली स्थित देहाय अनुसारको राजस्व खातामा सूचनामा उल्लेखित बोलपत्र बापतको रकम तीसौं दिन भित्र दाखिला गरेको भौचर, कारोबार दर्ता, मू.अ.क. तथा आयकर दर्ता प्रमाणपत्र, आ.व. २०७३।७४ सम्मको कर चुक्ता प्रमाण पत्र वा सो अवधिको आय बिबरण पेश गरेको प्रमाणित कागजातको प्रतिलिपि, सप्लाई गरिने विद्युतिय उपकरण, सामाग्री र सेवा बिक्रि गर्न सम्बन्धीत निर्माता कम्पनीबाट प्राप्त प्रमाणपत्रहरुको Scanning Copy समेत राखि सूचना प्रकाशित भएको दिनदेखि एकतिसौं दिन मिति २०७५।०१।०२ गते दिनको १२ बजे भित्र उल्लेखित Web मा e-submission गरि सक्नु पर्ने छ।

**राजस्व बापत दाखिला गर्नुपर्ने :–**

- बैंकको नाम: ने.रा.बैंक , थापाथली
- रकम दाखिला हुने कार्यालयको नाम : महान्यायाधिवक्ताको कार्यालय
- कार्यालय कोड नं.: २७–२१६–०१
- खाता नं. : क–१–१–९९९
- राजस्व शिर्षक नं.: १४२२७

५. मालसामान तथा सम्बद्ध सेवाहरु २ लटमा बिभाजित गरिएका छन। बोलपत्रदाताले, कुनै एक लटको लागि मात्रै वा दुवै लटहरुको लागि बोलपत्र पेश गर्न पाउने छन। तर, बोलपत्र पेश गर्नको लागि लटहरुलाई पून-बिभाजन (Sub-divide) गर्न पाईने छैन। कुनै एक लटको मात्र बोलपत्र दस्तुर भुक्तानी गरि दुवै लटको लागि बोलपत्र पेश गर्न पाईने छैन।

६. बोलपत्रदाताले दिने विद्युतिय उपकरण, सामाग्री र सेवाको मूल्य, मुल्य अभिवृद्धि कर बाहेकको रकम बोलपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेखी बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र **बोलपत्र जमानत बापत सूचनामा उल्लेखित** रकम को.ले.नि.का. समन्वय कार्यालय बबरमहलको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा रकम जम्मा गरेको बैंक भौचर **वा** कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको बिड बण्ड (बैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरुको Web मा Scanning Copy वा सिलवन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ। शिलवन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री महान्याधिवक्ताको कार्यालय, काठमाडौ आ.व. २०७४।०७५ को लागि सप्लाई गर्ने विद्युतिय उपकरण, सामाग्री र सेवाहरुको व्यहोरा सहित सिलवन्दि खाममा पेश गर्नेको ठेगानामा बोलपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ।

७. बोलपत्र दाता आधिकारिक सोल एजेण्ट तथा डिलर बोलपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैले एजेन्सी सम्बन्धि वा डिलरशीप सम्बन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ। साथै व्यबसाय दर्ता इजाजत पत्रको प्रति समेत बोलपत्र फाराम साथ संलग्न गरेको हुनुपर्नेछ।

८. बोलपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यबसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नु पर्ने छ।

१०. रीत नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको बोलपत्र तथा विद्युतिय बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

१२. दर्ता भएका बोलपत्रहरुमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका

बोलपत्रहरुबाट मात्र छनोट गरिनेछ।

१३. यस सूचनामा र बोलपत्र फारामको उल्लेखित सर्तमा कुनै कुरा बाझिन गएमा बोलपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ।

१४. बोलपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ। e-bidding /e-submission मा भाग लिने बोलपत्रदाताहरुले बोलपत्र खोल्ने समयमा पेश गरिएको कागजपत्रहरुको सक्कल प्रती वा नोटरी बाट प्रमाणीत प्रति लिई आउनु पर्ने छ।

१५. यस सम्बन्धी थप बुझ्नु परेमा यस कार्यालयको स्टोर तथा लेखा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ। अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६. सामाग्रीहरु चेक जाँच गराई यस कार्यालयसम्म ढुवानी गर्ने दायित्व आपुर्तिकर्ताको हुने छ।

## तपसिल

| क. सं. | ठेक्का नं. (लट नं.) | कामको विवरण | संख्या | बोलपत्र दस्तुर | जमानत रकम (बिडबण्ड) (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १।७४।७५ | विद्युतिय उपकरण, सामाग्री र सेवाहरु (Desktop, Laptop, Printers, Scanners, External Harddrive) | | रु. ३,०००।०० | ५०००००।०० | |
| २. | २।७४।७५ | विद्युतिय उपकरण, सामाग्री र सेवाहरु (Server, Backup Storage (SAN), Software (Server OS, Backup, Virtualization), Firewall, Switches, Networking equipment and services | | रु. ३,०००।०० | ३६०००००।०० | |